बीमा प्रतिबिम्ब

नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण
वर्ष २ अंक १२, २०८३ असार

कुल बीमाशुल्क संकलन (*रकम रु. करोडमा*)



आ.व. २०८२/८३ को बीमा व्यवसायका प्रमुख सुचकाङ्क

जीवन बीमाको पहुँच	
५२.०४%	
पुरुष	४८.६९%
महिला	५१.३९%

GDP मा कुल बीमाशुल्कको अनुपात	
३.८९%	
जीवन	३.१०%
निर्जीवन	०.७९%

बीमा घनत्व	
रु. ८,३१७.६२ प्रतिव्यक्ति	
जीवन	रु. ६,६३४.०४ प्रतिव्यक्ति
निर्जिवन	रु. १,६८३.५८ प्रतिव्यक्ति

औषत बीमांक रकम (रु. लाखमा)	
जीवन	३.२६
निर्जीवन	३९.६३

कुल बीमाशुल्क संकलन (रु. अर्बमा)	
२५६. ५२	
जीवन	२०४.६०
निर्जीवन	५१.९२

प्रदेशगत कुल बीमाशुल्क संकलन (*रु. अर्बमा*)



नोटः *बीमकले आ.व. २०८२/८३ मा मासिकरुपमा पेश गरेको तथ्याङ्कको आधारमा तयार गरेको।*

बीमा प्रतिबिम्ब

नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण
वर्ष २ अंक १२ २०८३ असार

पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुऱ्याउँछ। नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ।

नेपाली बीमा बजारमा आ.व. २०८२/८३ को असार मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन्। कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन्। त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ। साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कारबाही गर्दै आएको छ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुऱ्याउँछ। यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता, र आम सर्वसाधरणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ।

नेपाली बीमा बजार

आ.व. २०८२/८३ को असार मसान्तसम्ममा बीमाक्षेत्रको सुचकाङ्कहरुको अवस्था देहाय बमोजिम रहेका छन्।

१. बीमालेख संख्या

सूचक	२०८२ असार मसान्तसम्ममा	२०८३ असार मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमालेख संख्या *(म्यादि, लघु म्यादि र वैदेशिक रोजगार जीवन बीमालेख बाहेक)*	५७,७५,३०५	६१,५२,५२५	६.५३
म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या	७२,६९,३८१	८१,९१,२१३	१२.६८
वैदेशिक रोजगार बीमालेख संख्या	२५,८६,३१३	२४,४८,४९२	(५.३३)
कुल सक्रिय जीवन बीमालेख संख्या	**१,५६,३०,९९९**	**१,६७,९२,२३०**	**७.४३**
कुल जारी जीवन बीमालेख संख्या	**७०,४६,५८०**	**७९,५३,०३२**	**१२.८६**
कुल जारी निर्जीवन बीमालेख संख्या	**३२,४४,३८३**	**३४,६७,१६७**	**६.८७**

चालु आ.व २०८२/८३ को असार मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट ७९ लाख ५३ हजार ३२ वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा ३४ लाख ६७ हजार १६७ वटा बीमालेख जारी भएका छन् जुन गत आ.व.को असार मसान्तको तुलनामा क्रमशः १२.८६ प्रतिशत र ६.८७ प्रतिशतको वृद्धि हो। साथै, चालु आ.व.को असार मसान्तसम्ममा १ करोड ६७ लाख ९२ हजार २३० वटा सक्रिय जीवन बीमालेख रहेका छन् जुन गत आ.व.को असार मसान्तको तुलनामा ७.४३ प्रतिशतले वृद्धि भएको देखिन्छ।

२. बीमाशुल्क संकलन

रकम रु. लाखमा

सूचक	२०८२ असार मसान्तसम्ममा	२०८३ असार मसान्तसम्ममा	परिवर्तन %
प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा	४,४५,१३०.२५	५,३८,७६५.७७	२१.०४
नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा	१३,७७,६०३.२२	१५,०७,२०५.२४	९.४१
कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा	**१८,२२,७३३.४७**	**२०,४५,९७१.०१**	**१२.२५**
कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा	**४,४९,१२६.०७**	**५,१९,२२४.२८**	**१५.६१**
जम्मा बीमाशुल्क संकलन रु. लाखमा	**२२,७१,८५९.५४**	**२५,६५,१९५.२९**	**१२.९१**

चालु आ.व २०८२/८३ को असार मसान्तसम्ममा रु. २ खर्ब ५६ अर्ब ५१ करोड ९५ लाख बीमाशुल्क संकलन भएको छ जुन गत आ.व.को असार मसान्तको तुलनामा १२.९१ प्रतिशत वृद्धि हो। त्यसैगरी, गत आ.व. को असार मसान्तको तुलनामा चालु आ.व को असार मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ बीमाशुल्क संकलन १२.२५ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ४ अर्ब ५९ करोड ७१ लाख रहेको छ भने निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ १५.६१ प्रतिशतले वृद्धि भई रु. ५१ अर्ब ९२ करोड २४ लाख बीमाशुल्क संकलन भएको छ।

३. बीमा दावी भुक्तानी विवरण

रकम रु. लाखमा

सूचक	२०८२ असार मसान्तसम्ममा	२०८३ असार मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा दाबी भुक्तानी संख्या	३,९१,१३५	४,१९,१३६	७.१६
जीवन बीमा दाबी भुक्तानी रकम	६,५८,०८९.१४	६,९६,४२३.२१	५.८३
भुक्तानी हुन बाँकी दाबी संख्या *(जीवन)*	८८,९८१	१,४४,१४४	६१.९९
भुक्तानी हुन बाँकी दाबी रकम *(जीवन)*	७४,८९०.४८	१,१०,४७५.२८	४७.५२
निर्जीवन बीमा दाबी भुक्तानी संख्या	१,५०,६३९	१,६४,१०१	८.९४
निर्जीवन बीमा दाबी भुक्तानी रकम	२,५२,५९६.१७	३,१७,१९०.००	२५.५७
भुक्तानी हुन बाँकी दाबी संख्या *(निर्जीवन)*	९६,३८१	१,०६,२३७	१०.२३
भुक्तानी हुन बाँकी दावी रकम *(निर्जीवन)*	२,५०,७९२.३२	४,१०,३२५.९५	६३.६१

चालु आ.व २०८२/८३ को असार मसान्तसम्ममा जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या ४ लाख १९ हजार १३६ रहेको छ जस अन्तर्गत रु. ६९ अर्ब ६४ करोड २३ लाख भुक्तानी भएको छ। गत आ.व.को असार मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा ७.१६ प्रतिशत र ५.८३ प्रतिशत वृद्धि भएको देखिन्छ। साथै, १ लाख ४४ हजार १४४ वटा दाबी अन्तर्गत रु. ११ अर्ब ४ करोड ७५ लाख भुक्तानी हुन बाँकी नै रहेको छ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८२/८३ को असार मसान्तसम्ममा कुल १ लाख ६४ हजार १०१ वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु ३१ अर्ब ७१ करोड ९० लाख भुक्तानी भएको छ भने, १ लाख ६ हजार २३७ वटा दाबी संख्या अन्तर्गत कुल रु ४१ अर्ब ०३ करोड २६ लाख भुक्तानी हुन बाँकी रहेको छ। गत आ.व.को असार मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा ८.९४ प्रतिशत र २५.५७ प्रतिशतले वृद्धि भएको देखिन्छ।

४. जीवन बीमाको पहुँच

सूचक	२०८२ असार मसान्तसम्ममा	२०८३ असार मसान्तसम्ममा
बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा *(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक)*	१७.७०	१८.९२
बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि र लघु म्यादि जीवन बीमालेख सहित)*	३९.९९	४४.११
बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि,लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित)*	**४८.३३**	**५२.०४**

१. राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गरिएको।

राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित गरेको २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा चालु आ.व को असार मसान्तसम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गर्दा ५२.०४% जनसंख्यामा बीमाको पहुँच पुगेको छ भने ४७.९६% जनसंख्या बीमाको पहुँच बाहिर रहेको देखिन्छ।

५. समर्पण तथा व्यतित विवरण

रकम रु. लाखमा

सूचक	२०८२ असार मसान्तसम्ममा	२०८३ असार मसान्तसम्ममा	परिवर्तन %
समर्पण संख्या	१,०८,२३८	९०,३८७	(१६.४९)
समर्पण रकम	१,५१,५२१.९६	१,३७,७१९.७१	(९.११)
व्यतित बीमालेखको संख्या	१२,४३,३६५	१०,३०,०४०	(१७.१६)

व्यतित बीमालेखको रकम	३,५०,१७७.६६	३,९२,४७२.०१	१२.०८

चालु आ.व २०८२/८३ को असार मसान्तसम्ममा ९० हजार ३८७ वटा जिवन बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु १३ अर्ब ७७ करोड २० लाख समर्पण रकम रहेको छ। त्यसैगरी, १० लाख ३० हजार ४० बीमालेख व्यतित भएकाछन् भने व्यतित बीमालेखको रकम रु ३९ अर्ब २४ करोड ७२ लाख रहेको छ।

६. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

सूचक	२०८२ असार मसान्तसम्ममा	२०८३ असार मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,८३९	१,८४२	०.१६
निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,१५५	१,१५६	०.०९
बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या	**२,९९४**	**२,९९८**	**०.१३**
जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	६,११३	६,१३२	०.३१
निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	६,१३८	६,२७३	२.२०
बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या	**१२,२५१**	**१२,४०५**	**१.२६**

चालु आ.व. २०८२/८३ को असार मसान्तसम्ममा जीवन बीमातर्फ १ हजार ८४२ र निर्जीवन बीमातर्फ १ हजार १५६ गरी जम्मा शाखा संख्या २ हजार ९९८ पुगेको छ भने जीवन बीमातर्फ ६ हजार १३२ र निर्जीवन बीमातर्फ ६ हजार २७३ गरी कुल १२ हजार ४०५ जना कर्मचारी कार्यरत छन्।

७. बीमालेख अनुसार जारी जीवन बीमालेख संख्या

सूचक	२०८२ असार मसान्तसम्ममा (१)	जारी बीमालेख को हिस्सा प्रतिशत	२०८३ असार मसान्तसम्म मा (२)	जारी बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक जीवन बीमा	२,८६,८७४	४.०७	३,०८,३२१	३.८८	**७.४८**
अग्रिम भुक्तानी सावधिक जीवन बीमा	४१,३५४	०.५९	४३,८५४	०.५५	**६.०५**
रुपान्तरित सावधिक जीवन बीमा	५७,५३४	०.८२	६२,७६२	०.७९	**९.०९**
बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा	१,२१,५५३	१.७२	१,३०,९३४	१.६५	**७.७२**

वैदेशिक रोजगार म्यादि	८,३१,७५०	११.८०	७,९०,३८४	९.९४	(४.९७)
आजिवन जीवन बीमा	६,३२७	०.०९	४,९५९	०.०६	(२१.६२)
एकल बीमाशुल्क जीवन बीमा	२८,०५२	०.४०	२०,२२७	०.२५	(२७.८९)
म्यादि जीवन बीमा	१०,९०,५३२	१५.४८	१०,६१,२५५	१३.३४	(२.६८)
लघु जीवन बीमा	४५,७२,६२३	६४.८९	५५,२०,९६६	६९.४२	२०.७४
अन्य जीवन बीमा	९,९८१	०.१४	९,३७०	०.१२	(६.१२)
जम्मा	७०,४६,५८०	१००.००	७९,५३,०३२	१००.००	१२.८६

चालु आ.व. २०८२/८३ को असार मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ६९.४२ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा आजिवन बीमालेखको ०.०६ प्रतिशत रहेको छ । गत आ.व.को असार मसान्तसम्मको तुलनामा जारी बीमालेखको संख्यामा १२.८६ प्रतिशतले वृद्धि भएको छ ।

८. सक्रिय जीवन बीमालेख संख्या

जीवन बीमालेख	२०८२ असार मसान्तसम्ममा (१)	सक्रिय बीमालेख को हिस्सा प्रतिशत	२०८३ असार मसान्तसम्ममा (२)	सक्रिय बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक जीवन बीमा	२१,६०,२२७	१३.८२	२२,४६,४८५	१३.३८	३.९९
अग्रिम भुक्तानी सावधिक जीवन बीमा	४,६०,४५०	२.९५	४,६७,७८१	२.७९	१.५९
रुपान्तरित सावधिक जीवन बीमा	५,७९,८१३	३.७१	५,९५,३०७	३.५५	२.६७
बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा	१०,७३,५७८	६.८७	११,२९,५३६	६.७३	५.२१
वैदेशिक रोजगार म्यादि जीवन बीमा	२५,८६,३१३	१६.५५	२४,४८,४९२	१४.५८	(५.३३)
आजिवन जीवन बीमा	१,७७,१९२	१.१३	१,६९,४८२	१.०१	(४.३५)
एकल बीमाशुल्क जीवन बीमा	९८,२११	०.६३	१,२४,२१४	०.७४	२६.४८
म्यादि जीवन बीमा	३४,१९,५६७	२१.८८	१२,२५,३७९	७.३०	(६४.१७)
लघु जीवन बीमा	४९,५१,७१२	३१.६८	८२,६०,८६८	४९.१९	६६.८३
अन्य जीवन बीमा	१,२३,९३६	०.७९	१,२४,६८६	०.७४	०.६१
जम्मा	१,५६,३०,९९९	१००	१,६७,९२,२३०	१००	७.४३

चालु आ.व. २०८२/८३ को असार मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ४९.१९ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा एकल बीमालेख र अन्य जीवन बीमाको समान०.७४ प्रतिशत रहेको छ। गत आ.व. को असार मसान्तसम्मको तुलनामा चालु आ.व.को असार मसान्तसम्ममा सक्रिय बीमालेखको संख्यामा ७.४३ प्रतिशत वृद्धि भएको छ।

९. प्रदेश अनुसार सक्रिय जीवन बीमालेख संख्या

प्रदेश	२०८२ असार मसान्तसम्ममा (१)	सक्रिय बीमालेखको हिस्सा प्रतिशत	२०८३ असार मसान्तसम्ममा (२)	सक्रिय बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	१७,४८,१७९	११.१८	२०,६३,७२६	१२.२९	**१८.०५**
मधेश	६,५०,६६१	४.१६	७,६३,९१८	४.५५	**१७.४१**
बाग्मती	१,०१,८१,८६०	६५.१४	१,०३,७०,७९६	६१.७६	**१.८६**
गण्डकी	८,५२,४०१	५.४५	११,५८,३८७	६.९०	**३५.९०**
लुम्बिनी	१०,७४,३६६	६.८७	११,९९,११८	७.१४	**११.६१**
कर्णाली	५,४४,०७४	३.४८	६,०८,११३	३.६२	**११.७७**
सुदुरपश्चिम	५,७९,४५८	३.७१	६,२८,१७२	३.७४	**८.४१**
जम्मा	१,५६,३०,९९९	१००.००	१,६७,९२,२३०	१००.००	**७.४३**

चालु आ.व. २०८२/८३ को असार मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी सक्रिय बीमालेखको हिस्सा बागमती प्रदेशमा ६१.७६ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ३.६२ प्रतिशत रहेको छ।

१०. जारी निर्जीवन बीमालेख संख्या

निर्जीवन बीमालेख	२०८२ असार मसान्तसम्ममा (१)	जारी बीमालेख को हिस्सा प्रतिशत	२०८३ असार मसान्तसम्म मा (२)	जारी बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति बीमा	४,८६,६९९	१५.००	४,६१,९३९	१३.३२	**(५.०९)**
सामून्द्रिक बीमा	४,१४,७५६	१२.७८	४,१४,३६५	११.९५	**(०.०९)**
हवाई बीमा	१३६	०.००	२५१	०.०१	**८४.५६**
मोटर बीमा	१५,७४,४४८	४८.५३	१६,९४,२६९	४८.८७	**७.६१**
इन्जि. तथा ठे. जो. बीमा	३९,१५६	१.२१	३७,४९५	१.०८	**(४.२४)**

विविध बीमा	१,७६,३०५	५.४३	१,७६,५७४	५.०९	**०.१५**
कृषि तथा बाली बीमा	१,६१,०६३	४.९६	१,७१,३५५	४.९४	**६.३९**
लघु बीमा	३,९१,८२०	१२.०८	५,१०,९१९	१४.७४	**३०.४०**
जम्मा	३२,४४,३८३	१००.००	३४,६७,१६७	१००.००	**६.८७**

चालु आ.व. २०८२/८३ को असार मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा मोटर बीमाको ४८.८७ प्रतिशत रहेको छ भने सबै भन्दा कम संख्यामा हवाई बीमालेख जारी भएका छन् जस्को हिस्सा ०.०१ रहेको छ। गत आ.व. को असार मसान्तसम्मको तुलनामा चालु आ.व.को असार मसान्तसम्ममा जारी बीमालेख संख्या ६.८७ प्रतिशत वृद्धि भएको छ।

११. प्रदेश अनुसार जारी निर्जीवन बीमालेख संख्या

प्रदेश	२०८२ असार मसान्तसम्ममा (१)	बीमालेख को हिस्सा प्रतिशत	२०८३ असार मसान्तसम्ममा (२)	बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	४,२५,३९८	१३.११	४,४९,४२७	१२.९६	**५.६५**
मधेश	३,५८,३४३	११.०५	३,७२,६२९	१०.७५	**३.९९**
बाग्मती	१४,००,१५५	४३.१६	१५,३८,४५७	४४.३७	**९.८८**
गण्डकी	३,११,७२२	९.६१	३,२६,३५२	९.४१	**४.६९**
लुम्बिनी	५,१९,१८३	१६.००	५,४४,७५५	१५.७१	**४.९३**
कर्णाली	६४,२९३	१.९८	६२,५०७	१.८०	(२.७८)
सुदुरपश्चिम	१,६५,२८९	५.०९	१,७३,०४०	४.९९	**४.६९**
जम्मा	३२,४४,३८३	१००.००	३४,६७,१६७	१००.००	**६.८७**

चालु आ.व. २०८२/८३ को असार मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गरेको बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४४.३७ प्रतिशत रहेको छ सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा १.८० प्रतिशत रहेको छ।

१२. बीमालेखका आधारमा जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

जीवन बीमालेख	२०८२ असार मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८३ असार मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक	६,९५,०९१.१५	३८.१३	८,२६,२०१.२०	४०.३८	१८.८६
अग्रिम भुक्तानी सावधिक	३,६५,७०४.७९	२०.०६	३,७६,७२१.२५	१८.४१	३.०१
रुपान्तरित सावधिक	२,२३,९४३.७८	१२.२९	२,३९,६४५.५६	११.७१	७.०१
बालबच्चा सम्बन्धि सावधिक	२,७९,१०४.९२	१५.३१	३,३८,२८५.५५	१६.५३	२१.२०
बैदेशिक रोजगार म्यादि	३५,७४३.९३	१.९६	३३,६७०.९७	१.६५	(५.८०)
आजिबन	४५,३३०.७३	२.४९	४२,७३२.६०	२.०९	(५.७३)
एकल बीमाशुल्क	९६,३२०.४५	५.२८	९८,८७२.५६	४.८३	२.६५
म्यादि	१६,५४०.६५	०.९१	१८,०७०.७१	०.८८	९.२५
लघु	३१,०४८.०३	१.७०	३५,४१९.४७	१.७३	१४.०८
अन्य	३३,९०५.०६	१.८६	३६,३५१.१५	१.७८	७.२१
जम्मा	१८,२२,७३३.४८	१००.००	२०,४५,९७१.०१	१००.००	**१२.२५**

चालु आ.व. २०८२/८३ को असार मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सावधिक जीवन बीमालेखको ४०.३८ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा म्यादी बीमालेखको ०.८८ प्रतिशत रहेको छ। गत आ.व. को असार मसान्तसम्मको तुलनामा चालु आ.व.को असार मसान्तसम्ममा जीवन बीमातर्फ कुल बीमाशुल्क संकलन १२.२५ प्रतिशतले वृद्धि भएको छ।

१३. प्रदेश अनुसार कुल जीवन बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८२ असार मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८३ असार मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	२,२३,२७४.२१	१२.२५	२,५१,६५४.४५	१२.३०	१२.७१
मधेश	१,६३,१४५.७८	८.९५	१,९१,३००.४९	९.३५	१७.२६

बाग्मती	८,००,३४९.७८	४३.९१	८,६९,६१५.९७	४२.५०	८.६५
गण्डकी	१,८४,५११.६०	१०.१२	२,१३,०४६.४५	१०.४१	१५.४७
लुम्बिनी	२,८७,१०३.८३	१५.७५	३,३०,०२२.८०	१६.१३	१४.९५
कर्णाली	५२,४७३.२८	२.८८	६२,१३८.०४	३.०४	१८.४२
सुदुरपश्चिम	१,११,८७५.०१	६.१४	१,२८,१९२.८०	६.२७	१४.५९
जम्मा	१८,२२,७३३.४८	१००.००	२०,४५,९७१.०१	१००.००	१२.२५

चालु आ.व. २०८२/८३ को असार मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४२.५० प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा ३.०४ प्रतिशत रहेको छ।

१४. निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

निर्जीवन बीमालेख	२०८२ असार मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८३ असार मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति	१,१४,६७२.२०	२५.५३	१,२२,२७३.९०	२३.५५	६.६३
सामुन्द्रिक	२५,६३०.११	५.७१	३१,२२४.८४	६.०१	२१.८३
हवाई	२३,४३४.७९	५.२२	२५,६५७.७३	४.९४	९.४९
मोटर	१,२९,०५८.२५	२८.७४	१,५४,८९६.०१	२९.८३	२०.०२
इन्जि. तथा ठे. जो.	७९,८२५.४५	१७.७७	१,००,७५६.२३	१९.४१	२६.२२
विविध	४९,४०९.३६	११.००	५३,२०३.२२	१०.२५	७.६८
कृषि तथा बाली	१७,३८९.०१	३.८७	१७,८९७.८१	३.४५	२.९३
लघु	९,७०६.८९	२.१६	१३,३१४.५५	२.५६	३७.१७
जम्मा	४,४९,१२६.०७	१००.००	५,१९,२२४.२८	१००.००	१५.६१

चालु आ.व. २०८२/८३ को असार मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा मोटर बीमालेखको २९.८३ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा लघु बीमालेखको २.५६ प्रतिशत रहेको छ। गत आ.व. को असार मसान्तसम्मको तुलनामा चालु आ.व.को असार मसान्तसम्ममा कुल बीमाशुल्क संकलन १५.६१ प्रतिशतले वृद्धि भएको छ।

१५. प्रदेश अनुसार निर्जीवन कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८२ असार मसान्तसम्ममा (१)	बीमाशुल्क को हिस्सा प्रतिशत	२०८३ असार मसान्तसम्ममा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	३९,७६४.३१	८.८५	४३,९६९.०३	८.४७	१०.५७
मधेश	२९,८२१.९०	६.६४	३२,६११.५७	६.२८	९.३५
बाग्मती	३,०१,९३५.६२	६७.२३	३,५८,०९५.८०	६८.९७	१८.६०
गण्डकी	२२,४१४.४५	४.९९	२४,५६४.९४	४.७३	९.५९
लुम्बिनी	३९,०७५.७९	८.७०	४२,५५९.७४	८.२०	८.९२
कर्णाली	४,४९४.४८	१.००	५,०४०.५७	०.९७	१२.१५
सुदुरपश्चिम	११,६१९.५२	२.५९	१२,३८२.६४	२.३८	६.५७
जम्मा	४,४९,१२६.०७	१००.००	५,१९,२२४.२८	१००.००	१५.६१

चालु आ.व. २०८२/८३ को असार मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी बीमाशुल्क संकलनको हिस्सा बागमती प्रदेशको ६८.९७ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ०.९७ प्रतिशत रहेको छ।

१६. उजुरी दर्ता तथा फछ्यौंट

विवरण		आर्थिक वर्ष २०८१/८२	आर्थिक वर्ष २०८२/८३
गत वर्षको निवेदन बाँकी संख्या		२८७	३९४
यस वर्षको निवेदन संख्या	केन्द्रीय कार्यालयमा	१४४	१४९
	प्रदेश कार्यालयमा	९१	५७
	कुल दर्ता	२३५	२०६
पुनरावेदनबाट आएका मुद्दाको संख्या		३	
जम्मा निवेदन		**५२५**	**६००**
फैसला/सहमति भएका मुद्दा संख्या	फैसला	८५	२०४
	सहमति	४६	७७
	जम्मा फछ्यौंट	१३१	२८१
बाँकी संख्या		**३९४**	**३१९**

चालु आ.व. २०८२/८३ को असार मसान्तसम्ममा केन्द्रीय कार्यालयमा १४९ र प्रदेश कार्यालयमा ५७ गरी प्राधिकरणमा कुल दर्ता भएका २०६ वटा उजुरी, गत वर्षको बाँकी ३९४ वटा निवेदन गरी कुल ६०० वटा उजुरी प्राप्त भएको छ। चालु आ.वमा जम्मा ३७२ वटा मुद्दा संचालक समितिमा पेश भएको थियो जसमध्ये २०४ वटा उजुरी मुद्दा फैसलाबाट र ७७ वटा उजुरी सहमतीबाट गरी कुल २८१ वटा उजुरी फछ्र्यौट भएका छन् भने ९१ वटा मुद्दा उपर छलफल भई आदेश जारी भई फछ्र्यौट हुने प्रक्रियामा रहेको छ। चालु आ.वको अन्त्यसम्मामा कुल ३१९ वटा उजुरी फछ्र्यौट हुन बाँकी रहेको छ।

१७. स्थलगत निरिक्षण

निरिक्षण	जीवन	निर्जीवन	पुनर्बीमा	लघु जीवन	लघु निर्जीवन	जम्मा
नियमित निरीक्षण	७	-	१	-	२	९
आकस्मिक निरीक्षण	१०	१४	५	३	५	३७
AML/CFT सम्बन्धी	-	४	-	-	-	४
जम्मा निरीक्षण	**१७**	**१८**	**६**	**३**	**६**	**५०**

आ.व २०८२/८३ असार मसान्तसम्ममा प्राधिकरणको केन्द्रीय कार्यालय बाट जीवन बीमकमा ७, पुनर्बीमामा १ र लघु निर्जीवन बीमकमा २ गरी कुल ९ वटा नियमित स्थलगत निरीक्षण गरिएको छ भने ३७ वटा आकस्मिक निरीक्षण गरिएको छ। साथै, ४ वटा निर्जीवन बीमकहरुमा AML/CFT सम्बन्धी निरीक्षण समेत सम्पन्न भएको छ।

१८.जोखिममा आधारित सुपरिवेक्षण

आ.व. २०८१/८२ बाट बीमकको जोखिममा आधारित सुपरिवेक्षण कार्य सुरुवात गरेको प्राधिकरणले आ.व २०८२/८३ मा २ वटा जीवन बीमकहरूमा जोखिममा आधारित सुपरिवेक्षण सम्पन्न गरेको छ भने अन्य बीमकहरूमा क्रमशः सुपरिवेक्षण गर्नका लागि प्रारम्भिक छलफल समेत भएको छ।

१९.बीमाङ्कीय मूल्याङ्कन स्वीकृती र सल्भेन्सी अनुपात

प्राधिकरणले आ.व २०८२/८३ को असार मसान्तसम्ममा स्वीकृत गरेको बीमांकीय मुल्यांकन प्रतिवेदनको विवरण देहाय बमोजिम रहेको छ।

बीमकको प्रकार	स्वीकृत	स्वीकृत हुन बाँकी	जम्मा
जीवन बीमक	१३	१	**१४**
निर्जीवन बीमक	१२	२	**१४**
लघु जीवन बीमक	३	-	**३**
लघु निर्जीवन बीमक	४	-	**४**

पुनर्बीमक	-	२	२
जम्मा	**३२**	**५**	**३७**

आ.व २०८२/८३ को असार मसान्तसम्ममा प्राधिकरणले स्वीकृत गरेको बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदनका आधारमा जीवन बीमक तथा लघु जीवन बीमकहरुको सल्भेन्सी अनुपातको विवरण देहाय बमोजिम रहेको छ।

क्र.स	बीमक	न्यूनतम तोकिएको अनुपात	सल्भेन्सी अनुपात
१	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१.३	१.६५५
२	नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.		१.५३७
३	लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड		१.५०३
४	मेट लाइफ अलिको.		२.०८३
५	एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड		१.३३२
६	आइ.एम.ई. लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड		२.३९७
७	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड		२.५४६
८	सिटिजन लाईफ इन्स्योरेन्स लिमिटेड		१.७२८
९	सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड		१.६५४
१०	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.		१.५१३
११	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड		१.३२४
१२	प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड		१.९१६
१३	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड		२.४३८
१४	लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड	१.५	१.९९
१५	गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड		२.०६
१६	क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स		१.९७

आ.व २०८२/८३ को असार मसान्तसम्ममा प्राधिकरणले स्वीकृत गरेको बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदनका आधारमा निर्जीवन बीमक तथा लघु निर्जीवन बीमकहरूको सल्भेन्सी अनुपातको विवरण देहाय बमोजिम रहेको छ।

क्र.स	बीमक	न्यूनतम तोकिएको अनुपात	सल्भेन्सी अनुपात
१	प्रभु इन्स्योरेन्स लिमिटेड	१.३	५.४८१
२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड		४.२८५
३	दि ओरियन्टल इन्स्योरेन्स कम्पनी लिमिटेड		२.७३०
४	नेको इन्स्योरेन्स लिमिटेड		५.०६१
५	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड		४.७४३
६	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड		४.२४५

७	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड		४.३८०
८	सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड		५.८४९
९	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड		३.३१०
१०	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड		३.८५६
११	युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड		४.२९३
१२	आइजिआई प्रुडेन्सीयल इन्स्योरेन्स लिमिटेड		५.०६२
१३	नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड	१.५	१.९८
१४	प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड		१.५५
१५	स्टार माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड		१.९१
१६	ट्रस्ट माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड		१.९८

२०. स्वीकृत वित्तिय विवरण

आ.व २०८२/८३ को असार मसान्तसम्ममा प्राधिकरणले स्वीकृत गरेको बीमकहरुको वित्तिय विवरणको विवरण देहाय बमोजिम रहेको छ ।

बीमकको प्रकार	स्वीकृत बीमक संख्या	स्वीकृत हुन बाँकी बीमकको संख्या	जम्मा
जीवन बीमक	१३	१	**१४**
निर्जीवन बीमक	१२	२	**१४**
लघु जीवन बीमक	२	१	**३**
लघु निर्जीवन बीमक	४	-	**४**
पुनर्बीमक	-	२	**२**
जम्मा	**३१**	**६**	**३७**

२१. बीमालेख स्वीकृति

आ.व २०८२/८३ को असार मसान्तसम्ममा प्राधिकरणबाट जीवन र निर्जीवन गरी कुल ४६ वटा नयाँ बीमालेख स्वीकृत भएका छन् भने प्राधिकरणले १ वटा कृषि बीमालेख र ३ वटा लघु निर्जिवन बीमालेख समेत निर्माण गरी जारी गरेको छ । त्यसै गरी हाल प्रचलनमा रहेका बीमालेखहरू आवश्यकतानुसार संशोधन समेत भएका छन् । आ.व २०८२/८३ को असार मसान्तसम्ममा प्रचलनमा आएका नयाँ बीमालेखको विवरण देहाय बमोजिम रहेको छ ।

बीमालेखको प्रकार	आ.व.०८२/८३ मा स्वीकृत भएका बीमालेखको संख्या
जीवन बीमालेख	१४
निर्जीवन बीमालेख	२८

कृषि बीमालेख	१
लघु निर्जीवन बीमालेख	३
जम्मा बीमालेख	**४६**

तयार:

अनुसन्धान महाशाखा

नेपाल बीमा प्राधिकरण